# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड


सावविकको नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौं, फोन नं.०१–४१११८२८, Website : www.skbbl.com.np


## अठारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७६/०९/०५ गते)

यस वित्तीय संस्थाको मिति २०७६ पौष ३ गते बसेको सञ्चालक समितिको ३६३औं बैठकको निर्णयानुसार संस्थाको अठारौं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७६ पौष २६ गते (January 11, 2020) शनिबार ।

(२) समय : बिहान ११:०० बजे ।

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव** :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७५/०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (लेखा परिक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा १ खण्ड (घ) को अधिनमा रही लेखापरिक्षकको पुनः नियुक्तिका लागि पूर्ववत सेवा शर्त कायमै रहने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७५/०७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२।११ को १.४३४२१०५२६ प्रतिशतले हुने रु.१,१२,७३,३९५।४५ (अक्षेरेपी एक करोड बाह्र लाख त्रीहत्तर हजार तीन सय पन्चानब्बे रुपैयाँ पैंतालिस पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा मिति २०७६/०२/२० गते श्री उपहार राज घिमिरे (चार्टर्ड एकाउण्टेण्ट) नियुक्त भएको जानकारी सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव** :

(१) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको अधिकृत, जारी र चुक्ता पुँजी क्रमशः रु.१ अर्ब, रु.१ अर्ब र रु.६४ करोडमा वृद्धि गरी क्रमशः रु.२ अर्ब ७५ करोड, रु.२ अर्ब र रु.१,०००,२२९,४२५.६६ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु.२१,४१,९४,५१३।५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(३) सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि गर्ने सम्बन्धमा ।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,<br>
कम्पनी सचिव,<br>
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**नोट** : वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी एवं कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०७६ पौष ४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा यस वित्तीय संस्थाको website : www.skbbl.com.np मा हेर्न सकिने छ ।